## धितोपत्र दर्ता तथा निष्काशन नियमावली
## (२०७३ को अनुसूची १४ नियम २६ को उप नियम (१) संग सम्बन्धीत) आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

**१) वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपात सम्वन्धी विवरण:

समिक्षा अवधिको अन्तसम्ममा यस विकास वैंकको वित्तीय अनुपातहरु तपशील वमोजिम रहेका छन् ।

| प्रति शेयर आम्दानी (वार्षिक) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रतिशेयर कुल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १८.७६ | ५८.१८ | ७९.८९ | १,०७३.१९ | ३६.३६% |

**२) व्यवस्थापकीय विश्लेषण**

क) बैंकको सबलता मापन गर्ने विभिन्न परिसुचकहरु जस्तैः आम्दानी, कर्जा, निक्षेप, तरलता, कर्जा निक्षेप अनुपातहरु सन्तोषप्रद रहेका छन । केही निष्कृय कर्जाहरुमा भएका असूलीको कारणले गत त्रयमास भन्दा निष्कृय कर्जाको अनुपात र पुंजीकोष अनुपातमा सुधार देखिएको छ । बैकको २०८१ चैत्र ८ गते सम्पन्न १४ औ र १५ औ वार्षिक साधारण सभाले निर्णय गरे बमोजिम १:१.१६ अनुपात (१ शेयर बराबर १.१६ शेयर) मा हकप्रद शेयर निष्कासन गर्न आवश्यक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेस गरिसकिएको छ ।

**३) कानूनी कारवाही सम्वन्धी विवरण**

क) बिकास बैंकको सामान्य व्यवसायिक कारोबारको सिलसिलामा कर्जा असूलीसंग सम्बन्धित मुद्दा बाहेक समीक्षा अवधिमा विकास वैंकलाई कानूनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

ख) यस विकास वैंकका संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

ग) समीक्षा अवधिमा कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको ।

**४) संस्थाको शेयर कारोवार सम्वन्धी विवरण :**

धितोपत्र बजारमा सेयरको खरिद बिक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ । बैंक व्यवस्थापनको तर्फवाट नियमनकारी निकायको निर्देशन वमोजिम शेयर मूल्यमा असर पार्ने सुचना तत्काल पेश गर्ने गरिएको छ । यस बिकास बैंकको आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको शेयर कारोवारको विवरण यस प्रकार रहेको छ । (स्रोतः www.nepalstock.com)

| अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोवार संख्या | कारोबार दिन |
|---|---|---|---|---|
| १,४८२ | ९८० | १,०९१.७८ | ५२,४९७ | ५६ |

**५) समस्या र चुनौतीहरु :**

१) विश्व अर्थतन्त्रमा परेको दुरगामी असरहरु लगायतले समग्र आर्थिक क्षेत्रलाई पार्ने प्रतिकुल प्रभाववाट सिर्जना हुन सक्ने चुनौती तथा समस्याहरु ।

२) देशको अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जाको मागमा भएको कमीको कारणले बैकिंग व्यवसायमा परेको असरहरु ।

३) जीवन निर्वाहकालागि अत्यावश्यक सामाग्रीहरुमा भएको मुल्य वृद्धिबाट वैंकिङ्ग क्षेत्रमा सिर्जना हुनसक्ने चुनौती तथा समस्याहरु ।

४) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभाववाट हुनसक्ने संचालन लगायतका जोखिमहरु ।

५) संचालन तथा जोखिम न्यूनिकरणका लागि लागत खर्चमा भएको बृद्धि, बैकिङ्ग क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुम्चिन गई मूनाफामा हुन सक्ने असर ।

६) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी वृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरुले निम्त्याउने चुनौतीहरु ।

**६) संस्थागत सुशासन**

संस्थागत सुशासन सम्वन्धि नेपाल राष्ट्र वैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुवाट प्राप्त मार्ग निर्देशनहरु यस वैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नका लागि संचालक समिति, लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, ALCOहरु क्रियाशील रहेका छन् । वैंकको कारोवारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ ।

**७) सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनकालागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नोटः सूचनाको हक सम्वन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) वमोजिमको बिवरण यस बिकास बैंकको आधिकारिक वेबसाईट : www.sindhubank.com.np मा राखिएको छ ।